श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२७ सालको ऐन नं. २१

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर बिक्रम शाहदेव देवानाम् सदा समर-विजयिनाम् ।**

### कानून व्यवसायी ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– कानून व्यवसायी ऐन, २०२५ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "कानून व्यवसायी (पहिलो संशोधन) ऐन, २०२७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ५ मा संशोधनः– मूल ऐनको दफा ५ को खण्ड (ख) र (ग) को सट्टा देहायको खण्ड (ख) र (ग) राखिएका छन्ः–

(ख) सर्वोच्च अदालतको अतिरिक्त न्यायाधीश भई कम्तिमा १ वर्ष काम गरी सकेको, वा

(ग) कम्तिमा अञ्चल न्यायाधीश भई ५ वर्षसम्म अटुटरूपमा काम गरी सकेको, वा

३. मूल ऐनको दफा ६ मा संशोधनः–मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएकोछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. अभिवक्ताको रूपमा दरिन आवश्यक योग्यताः– नेपाल न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीको न्यायाधीश वा सरकारी वकीलको पदमा रही काम गरी सकेको वा नेपाल न्याय सेवाको राजपत्रांकित तृतीय श्रेणीको न्यायाधीश वा सरकारी वकीलको पदमा रही ७ वर्षसम्म अटुटरूपमा काम गरी सकेको वा देहायको योग्यता भई दफा १० बमोजिमको परीक्षामा उत्तीर्ण भएको कुनै व्यक्ति अभिवक्ताको रूपमा दरिन योग्य हुनेछः–

(क) नेपाल न्याय सेवाको राजपत्रांकित तृतीय श्रेणीको पदमा रही काम गरी सकेको, वा

(ख) राजपत्र अनंकित प्रथम श्रेणीको सरकारी वकीलको पदमा रही २ वर्षसम्म अटुटरूपमा काम गरी सकेको, वा

(ग) कुनै अदालतमा कम्तिमा राजपत्र अनंकित तृतीय श्रेणीको पदमा रही ७ वर्षसम्म अटुटरूपमा काम गरी सकेको, वा

(घ) यो ऐन प्रारम्भ नहुँदै अभिकर्ताकोरूपमा दरिई सकेको, वा

(ङ) यो ऐन प्रारम्भ भएपछि अभिकर्ताकोरूपमा दरिई ३ वर्षसम्म अटुटरूपमा काम गरेको, वा

(च) कुनै स्वीकृत विश्वविद्यालयबाट कुनै विषयमा स्नातकोपाधि प्राप्त गरेको ।

४. मूल ऐनको दफा ७ मा संशोधनः– मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः–

७. अभिकर्ताको रूपमा दरिन आवश्यक योग्यताः– कुनै अदालतमा कम्तिमा राजपत्रअनंकित तृतीय श्रेणीको पदमा रही कम्तिमा सात वर्षसम्म अटूट काम गरेको वा देहायबमोजिमको योग्यता भई दफा १० बमोजिमको परीक्षामा उत्तीर्ण भएको कुनै व्यक्ति अभिकर्ताकोरूपमा दरिन योग्य हुनेछः–

(क) कुनै अदालतमा कम्तिमा राजपत्रअनंकित तृतीय श्रेणीको पदमा रही कम्तिमा तीन वर्षसम्म काम गरेको, वा

(ख) एस. एल. सी. वा सो सरहको परीक्षामा उत्तीर्ण भएको, वा

(ग) कुनै अदालतमा पाँचवर्षदेखि कुशलतापूर्वक अदालती लेखापढीको कामगरी आएको भनी सो अदालतको न्यायाधीशले सिफारिश गरी दिएको,

तर, यो खण्ड बमोजिम सिफारिश पाउने व्यक्तिले २०२६ साल चैत्र मसान्तसम्म मात्र यो ऐन बमोजिम हुने अभिकर्ताको परीक्षामा भागलिन पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल ऐनको दफा १८ मा संशोधनः– मूल ऐनको दफा १८ को उप-दफा (१) को सट्टा देहायको उप-दफा (१) राखिएको छः–

(१) कानून व्यवसायी बाहेक अन्य कुनै व्यक्तिलाई कुनै मुद्दामा कुनै पक्षका तर्फबाट कुनै अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित हुने, पैरवी गर्ने, वहस गर्ने वा मुद्दा मामिलाको सिलसिलामा पेश हुने फिरादपत्र प्रतिउत्तरपत्र पुनरावेदन-पत्र उजूरी सरहको निवेदन दरखास्त र मिलापत्रको दरखास्त तथा अंश मुद्दाको तायदाती लेख्ने अधिकार हुने छैन ।

तर–

(क) श्री ५ को सरकारलाई सरोकार पर्ने मुद्दामा र अदालत वा मुद्दा हेर्ने अधिकारीले अनुमति दिएको मुद्दामा सरकारी वकीलले कुनै अदालत वा मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थति हुन, पैरवी गर्न, वहस गर्न वा त्यस्तो लिखत लेख्न यस उप-दफामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(ख) मुद्दाका पक्ष वा निजले कानून बमोजिम रितपूर्वकको अख्तियारनामा दिई नियुक्त गरेको वारीसले आफ्नो मुद्दामा आफैं उपस्थित हुन, पैरवी गर्न, वहस गर्न वा त्यस्तो लिखत लेख्न सक्नेछ ।

(ग) यो दफा काठमाडौं, ललितपुर र भक्तपुरमा तुरून्त लागू हुनेछ । र अन्यत्रको हकमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि तोकिएका क्षेत्रहरूमा लागू हुनेछ ।

स्पष्टीकरणः– त्यस्तो लिखतको साफी, टाईप जोसुकैले गरे पनि मसौदा गर्नेको सही भए निजले लेखेको मानिनेछ ।

लालमोहर सदर मिति – २०२७।१२।३०।२

आज्ञाले–

चूडामणिराज सिंह मल्ल

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।